नेपाल गजेट

भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १२] काठमाडौं, मार्ग २९ गते २०१९ साल [अतिरिक्ताङ्क २८

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारण-को जानकारीको लागि प्रकाशित गरिएको छ।

२०१९ सालको ऐन नं. २९

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा अति ओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ राम पट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फील्ड मार्शल र सर्वोच्च कम्याण्डर इन-चीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्ग देवानाम् सदा समरविजयिनाम्।

राष्ट्रिय सम्वाद समिति गठन गर्न बनेको ऐन

प्रस्तावना:- नेपाल अधिराज्यभित्रका र विदेशका समेत निष्पक्ष एवं अधिकारीक समाचार तथा सूचना देशवासी तथा विदेशीले पनि जानकारी पाउन र अधिराज्यमा एकताको भावनाको वृद्धिको साथै ठोस जनमतको श्रृजनामा मद्दत होस् भन्ने हेतुले देश तथा विदेशमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पूर्णतथा वास्तविक समाचार एवं सूचनाको खोजी गरी प्राप्त भएका समाचार र सूचना प्रयोगकर्ताहरूमा वितरण गर्नको साथै समाचारहरूको समुचित आदान प्रदानसमेत गर्न एक राष्ट्रव्यापी राष्ट्रिय सम्वाद समितिको गठन गर्न र त्यसको स्वस्थ एवं मजबूत जग बसाल्ने व्यवस्था गर्नु वाञ्छनीय देखिएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र, वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधानको धारा ५५ अनुसार यो ऐन बनाइबक्सेको छ।

परिच्छेद– १

प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यो ऐनको नाम "राष्ट्रिय सम्वाद समिति ऐन, २०१९" रहेको छ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्कै अर्थ नलागेमा यस ऐनमा–

(क) "समिति" भन्नाले राष्ट्रिय संवाद समिति सम्झनु पर्दछ।

(ख) "बोर्ड" भन्नाले समितिको संचालन गर्न गठन भएको संचालकहरूको बोर्ड सम्झनु पर्दछ।

(ग) "समाचार" भन्नाले समयानुकूलता, महत्व र सम्भावित प्रभावको विचार गरी उल्लेखनीय ठहरिएको कुनै घटना वा अवस्था विषयक नयाँ रिपोर्ट वा विवरण सम्झनु पर्दछ।

(घ) "संचालक" भन्नाले बोर्डको सदस्यलाई सम्झनु पर्दछ।

(ङ) "जनरल मेनेजर" भन्नाले दफा १४ बमोजिम नियुक्त भएको समितिको जनरल मेनेजर सम्झनु पर्दछ।

(च) "सम्वाददाता" भन्नाले समितिलाई समाचार दिने सम्वाददाता सम्झनु पर्दछ।

(छ) "शेयर होल्डर" भन्नाले यो ऐन अनुसार वितरण गरिएको शेयर लिने शेयर होल्डर सम्झनु पर्दछ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेका नियमहरूमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

परिच्छेद–२

स्थापना, पूंजी र व्यवस्था

३. समितिको स्थापनाः– (१) "राष्ट्रिय सम्वाद समिति" नामले एउटा समिति स्थापन हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) समिति अवच्छिन्न उत्तराधिकारवाला एक स्वसाशित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ । यसले यस ऐन र प्रचलित नेपाल कानूनको अधीनमा रही चल अचल सम्पत्ति प्राप्त गर्न, भोग गर्न र नामसारी गर्न सक्नेछ । यसले आफ्नो नामबाट नालेश उजूर गर्न र यस उपर पनि सोही नामबाट नालेश उजूर लाग्न सक्नेछ ।

(३) समितिको प्रधान कार्यालय काठमाडौंमा रहनेछ र नेपाल अधिराज्यभित्र वा विदेशमासमेत प्रतिनिधि, सम्वाददाता र सम्पादक नियुक्त गर्नु समितिको लागि कानूनी हुनेछ ।

४. पूंजी, शेयर र शेयर होल्डरहरू:– (१) समितिको प्रारम्भिक अधिकृत पूंजी ने. रू. पांच लाख हुनेछ । सो रकमलाई १०।१० दश दश रुपैयांको जम्मा पचास हजार शेयर–हरूमा विभाजित गरिनेछ । श्री ५ को सरकारको अनुमतिले समितिको प्रारम्भिक अधिकृत पूंजीमा थपघट गर्न सकिनेछ । समितिको शेयर पूंजी घटी हुन आएमा प्रत्येक शेयरको अंकित (नोमिनल) मूल्य पनि सोही अनुपातमा घटाइनेछ ।

(२) समितिले निष्काशन गरेको शेयर पूंजीको साठी प्रतिशत शेयर श्री ५ को सरकारले लिनेछ र अरू बांकी रहेको शेयर सर्वसाधारण जनतालाई बिक्रीमा दिइनेछ ।

तर सर्वसाधारण जनतालाई बिक्रीमा दिइने शेयरहरूको सम्बन्धमा एक व्यक्तिले बढीमा एक सयवटा शेयरहरूसम्म किन्न सक्नेछ ।

(३) प्रत्येक शेयर अविभाज्य हुनेछ र सो शेयर लिने प्रत्येक व्यक्तिले आफूले लिएको प्रत्येक शेयरको एक मतको हिसाबले शेयर होल्डरहरूको साधारण सभामा मत दिन पाउनेछ ।

(४) समितिको शेयर होल्डरहरूको दायित्व सीमित हुनेछ ।

५. शेयर होल्डर हुन अयोग्यता:– नेपालको नागरीक वा नेपाल कानून अन्तर्गत रजिष्टर भएको कम्पनीबाहेक अरू कसैले पनि समितिको शेयर किन्न वा शेयर होल्डरमा आफ्नो नाम दर्ता गर्न वा नामसारी गर्न गराउन पाउने छैन ।

६. अनुदान र ऋण लिने अधिकार:– साधारण सभाको व्यवस्था भएपछि सो सभाले पास गरे बमोजिम वा साधारण सभाको व्यवस्था नभएसम्म समितिले श्री ५ को सरकारको स्वीकृति लिई आफ्नो चालू पूंजी (वर्किंग क्यापिटल) बढाउनको लागि आवश्यक नगद वा जिन्सी ऋण लिन वा अनुदान स्वीकार गर्न सक्दछ ।

तर श्री ५ को सरकारको स्वीकृति नलिई समितिले कुनै विदेशी एजेन्सीबाट ऋण लिन वा अनुदान स्वीकार गर्न हुंदैन ।

७. व्यवस्था:– समितिको सबै कामकारवाइको रेखदेख, निर्देशन र व्यवस्था बोर्डले गर्नेछ । साधारण सभाको व्यवस्था भएपछि सो सभाले पास गरे बमोजिम वा साधारण सभाको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यवस्था नभएसम्म श्री ५ को सरकारबाट निर्णय भए बमोजिम गर्नुपर्ने गरी यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा स्पष्ट लेखिएबाहेकका अरू काम कुराका सम्बन्धमा समितिलाई भएका सबै अधिकारहरूको प्रयोग र कर्तव्यहरूको पालना बोर्डले गर्नेछ ।

तर बोर्डले यो ऐन वा यस ऐन अन्तर्गतका नियममा उल्लेख गरिएका आफ्नो कर्तव्य र अधिकारहरू मध्ये आफूले आवश्यक एवं उचित देखेका कर्तव्य र अधिकारहरू जनरल मेनेजर वा एक वा एकभन्दा बढी संचालकहरूको उपसमिति वा समितिका अरू पदाधिकारीले पालन तथा प्रयोग गर्ने गरी सुम्पन सक्नेछ ।

८. **बोर्डको गठन र सञ्चालकहरूको कार्य अवधिः–** (१) सञ्चालकहरूको बोर्ड (यस पछि बोर्ड भनिएको) मा सात जना सञ्चालकहरू रहनेछन्, जसमध्ये चार जना सञ्चालक श्री ५ को सरकारद्वारा मनोनीत हुनेछन् र बाँकी ३ जना सञ्चालकहरू अन्य शेयर-होल्डरहरूको साधारण सभाद्वारा निर्वाचित हुनेछन् ।

(२) सर्वसाधारणमा बिक्री गर्न निष्काशित शेयर पूंजीमध्ये पचास हजार रुपैयांको मूल्यको शेयर बिक्री नभएसम्म उपदफा (१) बमोजिम निर्वाचित हुने सञ्चालकहरू पनि शेयर होल्डरहरूमध्येबाटै श्री ५ को सरकारले मनोनीत गर्नेछ ।

(३) बोर्डको अध्यक्ष पदमा सञ्चालकहरूमध्येबाट श्री ५ को सरकारले तोक्नेछ ।

(४) यस ऐन बमोजिम सञ्चालकको निमित्त लागू हुने सबै कुरा अध्यक्षलाई पनि बोर्डको सदस्यताको हैसियतले लागू हुनेछ ।

तर अध्यक्ष पदमा तोकिएपछि निजले बोर्डको सदस्यताको हैसियतमा कुनै पनि काम कारवाइमा मत दिन भने पाउने छैन ।

(५) बोर्डको सचिवको काम दफा १४ अन्तर्गत नियुक्त हुने जनरल मेनेजरले गर्नेछन् । बोर्डको काम कारवाइमा मत दिने अधिकार निजलाई हुने छैन ।

(६) बोर्डका सबै सञ्चालकहरूको कार्य अवधि तीन वर्षको हुनेछ । कार्य अवधि सकिएपछि पुनः सञ्चालकमा मनोनीत वा निर्वाचित हुन सक्नेछ ।

तर–

(१) उपदफा (१) बमोजिम मनोनीत कुनै सञ्चालकले बोर्डको सदस्यतामा छानिएको योग्यता गुमाएपछि बोर्डमा निजको सञ्चालक पद पनि खालि हुनेछ ।

(२) साधारण सभामा शेयर होल्डरहरूले निर्वाचन गरेका सञ्चालकहरूले आफ्नो कार्यभार लिएपछि उपदफा (२) बमोजिम मनोनीत सञ्चालकहरू स्वतः खारेज हुनेछन् ।

९. **सञ्चालकको निमित्त अयोग्यताः–** (१) देहायको कुनै व्यक्ति सञ्चालक हुन सक्दैनः–

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) समितिको कुनै वैतनिक पदाधिकारी, वा

(ख) ऋण तिर्न नसकी साहको दामासाहीमा परेको व्यक्ति, वा

(ग) बहुला वा मानसिक सन्तुलन रहित व्यक्ति, वा

(घ) नैतिक पतन देखिने फौज्दारी अभियोगमा कसूरदार प्रमाणित भै सो बापत ६ महीनाभन्दा बढ़ी कैदैको सजाय पाएको र त्यस्तो कैदैको सजाय भोगिसकेका मितिले ५ वर्ष भुक्तान नभएको ।

(२) कुनै व्यक्ति सञ्चालकमा नियुक्त हुनु अगावै सो हैसियतबाट निजले गर्ने काम कर्तव्यमा खराब प्रभाव पर्न सक्ने किसिमको निजको कुनै आर्थिक वा अरू कुनै स्वार्थ छ छैन भनी श्री ५ को सरकारबाट यकीन गर्न सकिनेछ । त्यस किसिमको स्वार्थ भएको देखिएमा निज सञ्चालक पदमा नियुक्त हुन सक्ने छैन ।

१०. सञ्चालकलाई हटाउन सकिने अवस्था:– देहायको अवस्थामा साधारण सभामा उपस्थित शेयर होल्डरहरूको दुई तिहाइ मतले कुनै सञ्चालकलाई हटाउन सिफारिश गरेमा श्री ५ को सरकारले हटाउन सक्नेछ:–

(क) दफा ९ मा उल्लिखित कुनै अयोग्यता भएमा, वा

(ख) बोर्डको अनुमति विना बोर्डको बैठकमा लगातार, ३ पटकभन्दा बढी अनुपस्थित भएमा र सो अनुपस्थितिको कारण साधारण सभाको दृष्टिकोणबाट बेमुनासिब देखिएमा, वा

(ग) दफा १६ उल्लंघन गरी समितिसंग भएको कुनै ठेक्का पट्टामा हिस्सेदार भएको प्रमाणित भएमा ।

११. सञ्चालकको राजीनामा र खाली हुने स्थानको पूर्ति:– (१) कुनै सञ्चालकले बोर्ड छेउ लिखित सूचना दिई आफ्नो पदबाट राजीनामा दिन सक्नेछ । राजीनामा स्वीकृत भएपछि निजले पद त्याग गरेको मानिनेछ ।

(२) मृत्यु, राजीनामा वा अरू कुनैकारणबाट कुनै सञ्चालकको पद खालि हुनआएमा अवस्थानुसार अर्को मनोनयन वा निर्वाचनद्वारा सो खालिस्थानको पूर्ति गरिनेछ । त्यस्ता सञ्चालक आफ्नो साविकवालाको बाँकी अवधिसम्ममात्र सो स्थानमा बहाल रहनेछन् ।

(३) बोर्डको गठनमा कुनै त्रुटी भई वा कुनै सञ्चालकको स्थान खालि भै बोर्डमा कारवाइ भएको भए पनि सोही कारणले मात्र त्यस्तो काम कारवाई बदर हुन सक्तैन ।

१२. सञ्चालकहरूको पारिश्रमिक:– सञ्चालकहरूको पारिश्रमिक तोकिए बमोजिम हुनेछ ।

१३. बोर्डको बैठक:– (१) तोकिएको समय र स्थानमा बोर्डको बठक बस्नेछ र बोर्डको बैठकको कार्यविधि तोकिए बमोजिम हुनेछ । अध्यक्ष वा निजको अनुपस्थितिमा सो

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बैठकको निमित्त सञ्चालकहरूले आफूहरूमध्येबाट छानेका सञ्चालकले बोर्डको अध्यक्षता गर्नेछ ।

(२) बोर्डमा तत्काल कायम रहेका सञ्चालकहरूको कूल संख्याको आधिभन्दा बढी सञ्चालकहरू बैठकमा उपस्थित भएमा समितिको गणपूरक संख्या पुगको मान्नु पर्दछ र गणपूरक संख्या नपुगेमा सो बैठक स्थगित गरिने छ ।

(३) बोर्डको बैठकमा उपस्थित भै मत दिने सञ्चालकहरूको बहुमतले सबै कुराको निर्णय हुनेछ । मत बराबर भएमा अध्यक्षले वा निजको अनुपस्थितिमा सो बैठकको अध्यक्षता गर्ने सञ्चालकले निर्णय गर्नेछन् ।

१४. जनरल मेनेजर, सल्लाहकार र अन्य कर्मचारीको नियुक्तिः– आपनो कार्यहरूको कुशल सञ्चालनको निमित्त समितिले एक जना जनरल मेनेजर र आफूले आवश्यक देखेजति सल्लाहकार, पदाधिकारी तथा कर्मचारीहरू नियुक्ति गर्न सक्नेछ । निजहरूको नियुक्ति सेवाको शर्त र मेहनतामा नियममा तोकिए बमोजिम हुनेछ।

तर समितिको पहिलो जनरल मेनेजरको नियुक्ति श्री ५ को सरकारबाट हुनेछ र निजको कर्तव्य, अधिकार तथा सेवाका अरू शर्तहरू पनि श्री ५ को सरकारबाट निर्धारित हुनेछ । सो शर्तहरू अनुसार निजले पाउने मेहनताना र अरू सुविधाहरूसमेत श्री ५ को सरकारबाट तोकिदिए बमोजिम समितिको कोषबाट दिइनेछ ।

१५. जनरल मेनेजर तथा अन्य कर्मचारीउपर कारवाइ गर्नेः– (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमद्वारा तोकिएको आपनो अधिकारको दुरुपयोग गरेको वा सोभन्दा बढी अधिकारको प्रयोग गरेको वा समितिको सम्पत्ति वा कोष हिनामिना गरेकोछ भन्ने लागेमा जनरल मेजेजर तथा अन्य कर्मचारीउपर बोर्डले तोकिए बमोजिम सस्पेण्ड र नोकरीबाट बरखास्तसमेत गर्ने गरी सजाय दिन सक्नेछ ।

तर दफा १४ बमोजिम श्री ५ को सरकारबाट नियुक्त पहिलो जनरल मेनेजरको हक्मा भने श्री ५ को सरकारले निजको नियुक्ति अवस्थामा तोकिदिएको शर्तहरू बमोजिम कानूनी तरीकाबाट कारवाइ हुनेछ ।

(२) उपदफा (१) अनुसार त्यस्ता व्यक्तिलाई सजाय दिन अगावै निजको अभियोग निष्पक्ष तथा कानूनी दृष्टिकोणले जाँच बुझ गराउन बोर्डले आफूले उचित ठहऱ्याएको एक व्यक्ति नियुक्त गर्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँच बुझ गर्दा बयान गराउने, कागज लिखतहरू, दाखिल गराउने, साक्षी प्रमाण बुझ्ने सम्बन्धमा इलाका अदालतलाई भए सरहका सबै अधिकार सो नियुक्त व्यक्तिलाई हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) बोर्डले दिएको निणय वा आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णय वा आदेश दिएको मितिले ३५ दिनभित्र स्थानीय जिल्ला अदालतमा अपील दिन पाउनेछ ।

१६. समितिको सञ्चालक र जनरल मेनेजरउपर प्रतिबन्ध :– समितिको कुनै सञ्चालकले जनरल मेनेजरले समितिसंग हुने कुनै ठेक्का पट्टामा हिस्सेदार हुन सक्ने छैन ।

तर समितिले लिए दिएको वा लिने दिने प्रस्ताव गरेको कुनै ठेक्का पट्टामा वा समितिको कुनै सहायक अङ्गले लिई दिई वा लिने दिने प्रस्ताव गरी बोर्डको विचारार्थ पेश हुन आएको कुनै ठेक्का पट्टामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट सरोकार भएको कुरा आफूलाई थाहा हुनासाथ प्रत्येक सञ्चालक वा जनरल मेनेजरले सो कुरा यथाशीघ्र बोर्डले सभामा पेश गर्नुपर्दछ। सो पेश भएको कुरा माइन्यूट किताबमा जनाइनेछ र सरोकारवाला सञ्चालकले सो ठेक्का पट्टाबारे बोर्डमा हुने कुनै विचार विमर्श वा निर्णयमा भाग लिन पाउने छैन ।

परिच्छेद–३

समितिको काम कर्तव्य

१७. समितिको काम कर्तव्यः–(१) यो ऐनको अधीनमा रही शुद्ध, पक्षपात रहित, विश्वसनीय एवं वास्तविक समाचारको संकलन तथा वितरण गर्नु समितिको कर्तव्य हुनेछ ।

यस उपदफा बमोजिम काम कर्तव्य गर्दा–

(क) समितिले कुनै हालतमा पनि समाचार तथा सूचनाको यथार्थता वा निष्पक्षतामा असर पार्न सक्ने काम गर्नु हुंदैन तथा त्यस किसिमको प्रभाव पर्नु हुँदैन ।

(ख) समितिले कुनै हालतमा पनि कुनै दल वा सिद्धान्त विशेषद्वारा सञ्चालित वा निर्देशित राजनीतिक वा आर्थिक नियन्त्रणमा चल्नु हुंदैन ।

(२) उपदफा (१) बमोजिमको कर्तव्यको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी समितिले देहायका कुराहरू गर्नेछ :–

(क) समितिभित्र वा बाहिरका व्यक्तिलाई समितिको काम कुरामा शिक्षा तालीमको व्यवस्था गर्ने,

(ख) समाचारको विभिन्न संस्करण, वितरण दस्तूर, अन्य दस्तूर आदि निर्धारण गर्ने र असूल गर्ने,

(ग) समाचारको स्तरमा सुधार ल्याउन आवश्यक कदम उठाउने,

(घ) आफूले गर्न पाउने काम गर्नको लागि चल अचल सम्पत्ति प्राप्त गर्ने,

(ङ) आफ्नो अधिकारको प्रयोग गर्न र कर्तव्यको पालन गर्नमा मद्दत हुने किसिमको सबै पट्टा लिने दिने र कार्यान्वित गर्ने,

आधिकारिकता मुद्रण विभागबाट प्रकाशित गरिएपछि मात्र लागु हुनेछ।

(च) समितिको सम्पत्ति धितो बन्धक राखी अरूसंग सापटी लिने,

(छ) समितिको सम्पत्ति भाडामा दिने, बिक्री गर्ने वा अरू प्रकारको बन्दोबस्त गर्ने,

(ज) धरौटीको व्याज दिने र समितिको शेयरको लाभांश बांड्ने,

(झ) आफ्नो समाचार प्रति जनताको विश्वास प्राप्त गर्न आवश्यक प्रचार गर्ने,

(ञ) समाचारको संग्रह तथा बिक्री वितरणको लागि अधिराज्यभर र बिदेश-समेत ठाउं ठाउंमा शाखा अफिस खोल्ने, सम्वाददाता र सम्पादक नियुक्त गर्ने वागृाहा क बनाउने,

(ट) आफ्नो पदाधिकारी र कर्मचारीलाई पेन्सन, उपदान वा सञ्चय कोषको व्यवस्था गर्ने तथा बचत खाता खोल्ने,

(ठ) आफ्नो रकमलाई श्री ५ को सरकारले अनुमति दिएका धितोमा लगाउने, र

(ड) यो ऐन अन्तर्गतको आफ्नो कर्तव्यहरूको पालन, अधिकारहरूको प्रयोग र यो ऐनको उद्देश्यहरूलाई कार्यान्वित गर्न आवश्यक र त्यसको सिलसिलामा चाहिने अरू सबै काम कुराहरू गर्ने।

(३) समितिले उपदफा (१) बमोजिमको कर्तव्यलाई ध्यानमा राखी आफ्नो कामको विकास र संगठन गर्नेछ।

१८. श्री ५ को सरकारको पूर्व स्वीकृति प्राप्त गर्नुपर्ने:- समितिले श्री ५ को सरकारको पूर्व स्वीकृति नलिई देहायको काम कुरा गर्न हुंदैन:-

(क) एक लाख रुपैयाँभन्दा बढी पर्ने कुनै अचल सम्पत्ति वा अरू कुनै वस्तु खरीद गर्न वा प्राप्त गर्नको निमित्त पूंजी खर्च गर्न, वा

(ख) पांच वर्षभन्दा बढी समयको लागि कुनै अचल सम्पत्ति धितो लिन दिन, वा

(ग) एक लाखभन्दा बढी मोल पर्ने कुनै सम्पत्ति वा अधिकार वा सुविधा बेच बिखन गर्न वा नाभसारी गर्न।

१९. आर्थिक लगत र कार्यक्रम पेश गर्ने:- (१) बोर्डले आफ्नो आर्थिक वर्ष शुरू हुनुभन्दा कमसेकम तीन महीना अगावै समिति र त्यसका सहायक अंगद्वारा आगामी आर्थिक वर्षमा गरिने कार्य सञ्चालन सम्बन्धी कार्यक्रम, विकास कार्य, अरू काम कुराहरूको विवरण, पूंजी लगानी र कर्मचारीहरूको थप महत चाहिने भए त्यसको विवरणसहित प्रस्तावित आर्थिक लगत साधारण सभामा पेश गर्नुपर्दछ।

(२) कुनै आर्थिक वर्षमा उपदफा (१) अन्तर्गत पहिले नै पेश भइसकेको कार्यक्रममा उल्लिखित कुराहरूको अतिरिक्त अरू कुनै विशेष कार्य गर्न बोर्डले चाहेमा र त्यसले गर्दा प्रस्तावित आर्थिक लगतमा ठोस अदल बदल ल्याउन सम्भावना भएमा यस्तो काम कुराको पूरक कार्यक्रम र त्यस सम्बन्धमा उक्त आर्थिक सालको बाकी रहन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आएको रकममा बेहोर्ने खर्च र प्राप्त गर्ने रकमको पूरक लगत साधारण सभामा स्वीकृति निमित्त पेश गर्नेछ।

(३) साधारण सभाको व्यवस्था नभएसम्म बोर्डले उपदफा (१) र (२) बमोजिमको लगत श्री ५ को सरकारमा पेश गर्नुपर्नेछ।

परिच्छेद–४

साधारण सभा

२०. साधारण सभाः– (१) समितिले सर्वसाधारणमा विक्री गर्न निष्काशित गरेको शेयर पूंजीको घटीमा १० प्रतिशत मूल्यको शेयर सर्वसाधारण जनतामा विक्री भैसकेपछि प्रत्येक वर्ष समितिको वार्षिक हिसाब बन्द हुने ४५ दिनभित्रै समितिको प्रधान कार्यालयमा एक साधारण सभा (यस पछि वार्षिक साधारण सभा भनिएको) गरिनेछ। समितिले सर्वसाधारणमा विक्री गर्न निष्काशित गरेको शेयर पूंजीको कमसे-कम दश खण्डको एक खण्ड मूल्यको शेयर लिने वा कम्तीमा पचास जवान शेयर होल्ड-रहरूले आफ्नो हस्ताक्षरमा लिखित निवेदन गरेमा वा समितिले आवश्यक ठहराएमा अरू कुनै समयमा पनि समितिको विशेष साधारण सभा गरिनेछ।

(२) समितिले सर्वसाधारणमा विक्री निमित्त निकालेको जम्मै शेयरमध्ये कमसेकम एक चौथाइ मूल्यको शेयर लिएका शेयर होल्डरहरू आफै वा तिनका प्रतिनिधि उपस्थित भएमा साधारण सभाको गणपूरक संख्या पूरा भएको मानिनेछ।

(३) वार्षिक साधारण सभामा उपस्थित शेयर होल्डरहरूले समितिको वार्षिक हिसाब तथा लाभ हानिको खाता, त्यस उपर अडिटरको रिपोर्ट र समितिको वर्ष भरीको काम सम्बन्धी बोर्डको रिपोर्ट उपर छलफल गर्नेछ। वार्षिक साधारण सभाको व्यवस्था हुन नसकेसम्म ती कुराहरू श्री ५ को सरकारमा पेश गरिनेछ।

(४) समितिको शेयर होल्डरमा नाम दरिएको प्रत्येक व्यक्तिले आफ्नो नाममा भएको प्रत्येक शेयर बापत एक मत दिन पाउनेछ। शेयर होल्डरले आफै उपस्थित भै वा रीतपूर्वकको अधिकारपत्र प्राप्त प्रतिनिधि पठाई मतदिन पाउनेछ। यस्तो प्रतिनिधि समितिको शेयर होल्डरबाहेक अरू कसैलाई नियुक्ति गर्न हुंदैन।

तर कुनै शेयरमा चुक्ति हुन बाँकी मागिएको रकम भुक्तान नगर्ने शेयर होल्डरले मत दिन पाउने छैन।

(५) सभाको निर्णय उपस्थित शेयर होल्डरहरू र प्रतिनिधिहरूको साधारण बहु मतको आधारमा गरिनेछ।

२१. निर्देशहरू दिने श्री ५ को सरकारको अधिकारः– श्री ५ को सरकारले राष्ट्रिय हितको निमित्त उचित ठहराएमा समितिलाई देहायका कुराहरूको निर्देशहरू दिन सक्ने छ र त्यस्तो निर्देश पालन गर्नु समितिको कर्तव्य हुनेछः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) कुनै खास क्षेत्रमा आफ्नो सेवाको सञ्चालन गर्न वा अरू काम कारवाइ गर्न, वा

(ख) समितिले गरिराखेको कुनै काम कुनै खास क्षेत्रमा वा सम्पूर्ण रूपमा बन्द गर्न वा त्यसमा कुनै फेर बदल गर्न, वा

(ग) समितिले गर्न आंटेको कुनै काम कुरा नगर्न ।

२२. समितिको काम कार्यको जांचबुझ गर्ने गराउने श्री ५ को सरकारको अधिकारः– श्री ५ को सरकारले आवश्यक देखेमा समितिको कार्य र हिसाबको जांचबुझ कुनै व्यक्तिद्वारा पनि गराउन सक्नेछ ।

२३. बोर्ड विघटन गर्ने श्री ५ को सरकारको अधिकारः– (१) बोर्डको काम सुचारू रूपले चलेको छैन वा बोर्डले समितिको उद्देश्यको बर्खिलाफ काम गरेको छ वा यस ऐन बमोजिम श्री ५ को सरकारले दिएका निर्देशहरू बराबर उल्लंघन गरेको छ भन्ने श्री ५ को सरकारलाई लागेमा सो बोर्डलाई विघटन गर्ने गरी आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बोर्ड विघटन भएपछि दफा ८ बमोजिम अर्को बोर्ड गठन हुनेछ ।

(३) उप दफा (१) बमोजिम बोर्ड विघटन भएपछि उपदफा (२) बमोजिम अर्को बोर्ड गठन नहुन्जेलसम्म बोर्डले गर्नुपर्ने कारवाइ गर्न श्री ५ को सरकारले एक वा एकभन्दा बढी व्यक्तिलाई पनि लगाउन सक्ने छ ।

(४) उपदफा (१) बमोजिम निकालिएको आदेश अन्तिम हुनेछ ।

परिच्छेद– ५

कोष, हिसाब र लेखा परीक्षण

२४. समितिको कोषः (१) समितिको आफ्नो एउटा छुट्टै कोष रहनेछ र ऋण र अनुदान लगायत समितिले प्राप्त गर्ने सबै रकम सोही कोषमा जम्मा गरिनेछ र समितिको तर्फबाट खर्च गर्नुपर्ने पनि सोही कोषबाट व्यहोरिनेछ ।

(२) कोषको सबै रकम नेपाल राष्ट्र बैंक वा श्री ५ को सरकारले अनुमति दिएका अरू बैंकमा जम्मा गरिनेछ ।

(३) यस ऐन अन्तर्गत बनेका नियमबाट अधिकृत कार्यहरूको निमित्त उचित ठहरिएको रकम खर्च गर्ने बोर्डलाई अधिकार हुनेछ ।

२५. दायित्व सम्हालेः– यो ऐन लागू हुनुभन्दा अघि यस ऐनमा उल्लेख भएको काम कुरामा श्री ५ को सरकारले गरेको वा श्री ५ को सरकारसंग भएको दायित्वहरू र ठेक्का पट्टाहरूमा यो ऐन लागू भएपछि समिति वा निजसंग वा निजको निमित्त भए गरेको मानिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६. हिसाब राख्ने तरीका:– समितिको आम्दानी खर्चको हर हिसाब श्री ५ को सरकारबाट स्वीकृत ढांचा र तरीका अनुसार राखिनेछ ।

२७. लेखा परीक्षण:– (१) समितिको लेखा परीक्षण श्री ५ को सरकारबाट खटाएको एक जना र शेयर होल्डरहरूले छानेको एक जना गरी जम्मा दुई जना अडिटर-हरूले गर्नेछन् । शेयर होल्डरहरूद्वारा छानिने अडिटर वार्षिक साधारण सभामा छानिने छन् र सोही सभामा अडिटरहरूको मेहनताना तोकिनेछ ।

(२) शेयर होल्डरहरूले छानेको अडिटर कुनै कारणवश खालि भएमा वा साधारण सभाको व्यवस्था नभएसम्मको लागि श्री ५ को सरकारबाट खटिएको एक जना अडिटरले मात्र लेखा परीक्षण गर्नेछ ।

(३) समितिको वार्षिक हिसाब तथा लाभ हानिको खाता र तत्सम्बन्धी भरपाईको लेखा परीक्षण गर्ने कर्तव्य अडिटरहरूको हुनेछ । अडिटरलाई समितिमा रहेको सबै हिसाब खाताहरूको लगत दिइनेछ । निजहरूले जुनसुकै मनासिब समयमा समितिको जुनसुकै स्थान वा जुनसुकै पदाधिकारी र कर्मचारीसंग रहेको जुनसुकै हिसाब किताब र कागजातहरू हेर्न जाँच्न सक्तछन् ।

(४) अडिटरहरूले वार्षिक हिसाब तथा लाभ हानिको खाताबारेको आफ्नो रिपोर्टको एउटा प्रतिलिपि श्री ५ को सरकारमा र अर्को प्रतिलिपि समितिको साधारण सभाको व्यवस्था भएपछि सभामा पेश गर्नेछन् । सो रिपोर्टमा देहायका कुराहरू स्पष्ट रूपले उल्लेख हुनुपर्दछ ।

(क) समितिको वास्तविक आर्थिक स्थिति देखिने गरी सबै आवश्यक कुराहरू स्पष्ट खुलाई ठीकसंग वार्षिक हिसाब तथा लाभ हानिको खाता तयार गरिएको छ छैन,

(ख) अडिटरले मागेको कुनै स्पष्टीकरण वा सूचना समितिले दिएको छ छैन र दिएको भए सो स्पष्टीकरण वा सूचना सन्तोषजनक छ छैन, र

(ग) पेश भएको वार्षिक हिसाब तथा लाभ हानिको खाता रीतपूर्वकको छ छैन ।

(५) समितिको उचित प्रबन्धको लागि उपयुक्त लागेको प्रस्तावहरू अडिटरहरूले पेश गर्न सक्नेछन् । त्यसरी पेश गरिएको प्रस्तावहरू बोर्डले साधारण सभाको कार्यसूचीमा समावेश गर्नेछन् ।

(६) शेयरहोल्डरहरू र साहूहरूको उचित संरक्षणको लागि समितिले उठाइ-राखेको कदमहरू यथेष्ट भए नभएको र समितिको हिसाब राख्ने तरीका ठीक भए नभएको कुरा खोली आफू छेउ रिपोर्ट पेश गर्न श्री ५ को सरकारले जुनसुकै समय पनि अडिटरहरूलाई निर्देशन गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) उपदफा (४) वा (६) बमोजिम प्राप्त रिपोर्टको आधारमा आवश्यक सुधार वा व्यवस्थाको लागि श्री ५ को सरकारले समितिलाई निर्देश गर्न सक्नेछ ।

परिच्छेद-६

विविध

२८. गोप्य राख्ने र विश्वासघात नगर्ने कुराको शपथ ग्रहण गर्नुपर्ने:– आफ्नो पद सम्हाल्नु भन्दा अघि नै समितिको प्रत्येक सञ्चालक, जनरल मेनेजर, अडिटर, पदाधिकारी र अरू कर्मचारीले अनुसूचीमा लेखिए अनुसार आफ्नो ओहदा सम्बन्धी काम कुराहरू अधिकृत व्यक्ति बाहेक अरू व्यक्तिलाई प्रकाश गर्ने छैन र समितिको काममा विश्वासघात गर्ने छैन भनी शपथ ग्रहण गर्नुपर्दछ ।

२९. मध्यस्थद्वारा झगडाको निर्णय:– (१) सञ्चालक बोर्ड, जनरल मेनेजर र समितिका कुनै पदाधिकारी वा कर्मचारीहरूमध्ये कसैको आपसमा भैराखेको शर्तनामाका सम्बन्धमा कुनै झगडा भएमा सो झगडाको निर्णय अवस्था अनुसार श्री ५ को सरकारले तोकेका एक जना न्यायाधीशले मात्र गर्नेछ र त्यसको झगडा हेरी निर्णय गर्ने अधिकार कुनै अदालतलाई हुने छैन ।

(२) समिति र ग्राहक वा सम्वाददाता वा सम्पादकको आपस्तमा भैराखेको शर्तनामाको सम्बन्धमा कुनै झगडा उत्पन्न भएमा झगडा हेर्ने सम्बन्धमा आपस्तमा कुनै संझौता भैरहेको भए सोही बमोजिम हुनेछ । त्यस्तो कुराको स्पष्ट उल्लेख नभएकोमा माथि उपदफा (१) बमोजिम हुनेछ ।

(३) निर्णयको लागि उपदफा (१) अन्तर्गत मध्यस्थ छेउ पठाइएको झगडाको सम्बन्धमा साक्षी प्रमाण बुझ्ने, पक्ष विपक्षलाई उपस्थित गराउने र लिखितहरू पेश गराउने कुरामा अदालतलाई भए सरहको अधिकार मध्यस्थलाई हुनेछ ।

(४) मध्यस्थको निर्णय अन्तिम हुनेछ र सबै पक्षहरू उपर मान्य हुनेछ । तर मर्का पर्ने पक्षको निवेदन परेमा सर्वोच्च अदालतले देहायको अवस्थामा मात्र सो निर्णयलाई रद्दी गरी अर्को निर्णय दिन सक्नेछ :–

(क) मध्यस्थले निर्णय गर्दा अनुचित आचरण देखाएको वा खास बदनियत देखिने गरी बेठीक निर्णय गरेको वा मनमानी गरेको भन्ने स्पष्ट देखिन आएमा, वा

(ख) मध्यस्थको निर्णय सरासर कानून विरुद्ध भएमा ।

३०. दण्ड सजाय:– (१) समितिको वा समितिमा रहेको कुनै कागजातमा कसैले जानी जानी झुट्ठा व्यहोरा पारेमा वा पार्न लगाएमा वा कीर्ते गरे गराएमा निजलाई दुई वर्षसम्म कैद वा ने. रू. दुई हजारसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

आधिकारिकतो मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कसैले दफा २२ अन्तर्गत नियुक्त भएको व्यक्ति वा दफा २७ अन्तर्गत नियुक्त भएको अडिटरलाई निजको कामकाजमा बाधा गरेमा वा निजले कानून बमोजिम मागेको कागजपत्र वा सूचना कुनै मुनासिब कारण बिना नदिएमा वा दिन लापरवाही गरेमा निजलाई ने. रू. एक हजारसम्म जरिवाना हुनेछ ।

(३) कसैले समितिको लिखित स्वीकृति नलिई समितिले लोकिदिए बाहेक अरू कुनै समाचार वा सूचना वा विवरणपत्र वा विज्ञापनमा समितिको नाम प्रयोग गरेमा निजलाई एक वर्षसम्म कैद वा ने. रू. एक हजारसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(४) तत्काल सञ्चालक वा जनरल मेनेजर रहेको कुनै व्यक्तिले दफा १६ उल्लंघन गरी समितिसंग हुने ठेक्कामा हिस्सेदार भै वा सोही दफा बमोजिम जाहेर गर्नुपर्ने नगरी सो हैसियतबाट कुनै नाजायज फाइदा उठाएमा वा उठाउने उद्योग गरेमा निजलाई दुई वर्षसम्म कैद वा ने. रू. पाँच हजारसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(५) दफा ३२ को व्यवस्था उल्लंघन गरी कसैले समाचार संकलन वा वितरण गरेमा निजलाई बढीमा दुई हजार रुपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

३१. अदालतको अधिकार क्षेत्रः– आफ्नै तर्फबाट वा कुनै व्यक्तिको तर्फबाट समिति बादी वा प्रतिवादी भएको कुनै मुद्दा मामिला वा यो ऐन अन्तर्गतको कुनै मुद्दा मामिला वा अरू कानूनी कारवाइको शुरू कारवाइ र किनारा गर्ने अधिकार क्षेत्र स्थानीय जिल्ला अदालत-लाई हुनेछ।

३२. विशेष व्यवस्थाः– (१) नेपाल अधिराज्यको समाचार नेपाल अधिराज्यभित्र अन्य कुनै संवाद समितिले संकलन गर्न वा वितरण गर्न पाउने छैन ।

तर विदेशी संवाद समितिले नेपाल अधिराज्यभित्र बसी नेपाल अधिराज्यको समाचार संकलन गर्न र विदेशतर्फ पठाउनमा यस दफाले बाधा पुऱ्याउने छन ।

(२) कुनै पनि विदेशी सम्बाद समितिले राष्ट्रिय सम्वाद समिति वा श्री ५ को सरकारको मार्फत बाहेक नेपाल अधिराज्यभित्र आफ्नो समाचार बिक्री वितरण गर्न पाउने छैन ।

३३. नियमहरू बनाउने समितिको अधिकारः– समितिको काम कुराहरूको उचित सम्पादनको निमित्त यो ऐनमा बाधा विरोध नपारी समितिले नियमहरू बनाउन सक्नेछ र ती नियमहरू श्री ५ को सरकारबाट स्वीकृत भएपछि लागू हुनेछन् ।

३४. बचाउः– (१) प्रचलित नेपाल कानूनमा जेसुकै लेखिएको भए तापनि यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा लेखिएको कुराहरूमा सोही बमोजिम हुनेछ ।

(२) नेपाल अधिराज्यको संविधानको धारा ५५ को उपधारा (४) अनुसार यो ऐन निष्कृय भएमा यो ऐनलाई कुनै अर्को नेपाल ऐनले खारेज गरे सरह मानी यो ऐन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अन्तर्गत भए गरेका काम कुराहरूमा नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४ लागू हुनेछ ।

अनुसूची

दफा २८ संग सम्बन्धित

(इमान्दारी र गोपनियताको शपथ ग्रहण)

म ... ... प्रतिज्ञा गर्दछु कि समितिको सञ्चालक जनरल मेनेजर कर्मचारी अडिटरको हैसियतबाट वा समितिमा आपनो पद सम्बन्धी सबै काम कुरामा आपनो योग्यता औ क्षमताले भेटेसम्म परिआएको कर्तव्यको पालन इमान्दारी पूर्वक र सत्यनिष्ठाले गर्नेछु ।

म पुनः प्रतिज्ञा गर्दछु कि कुनै अनधिकृत व्यक्तिलाई समिति सम्बन्धी कुनै सूचना प्रकाश गर्न वा गर्न लगाउन वा कसैलाई समितिको अधीनमा रहेको र समिति सम्बन्धी कुनै किताब वा कागजपत्र कुनै त्यस्तो व्यक्तिलाई निरीक्षण वा ग्रहण गर्न दिने छैन ।

इतिसम्वत् २०१९ साल गते रोज शुभम् - - - - - -

लालमोहर सदर मितिः-२०१९।८।१४।५

आज्ञाले-
विनोदप्रसाद धिताल
श्री ५ को सरकारको सह-सचिव,
कानून तथा न्याय मन्त्रालय ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।